# स्थानीय राजपत्र

# किस्पाङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल (संख्याः५

## भाग-२

## कृषि पर्यटन प्रवर्द्धनको लागि नविनतम पशुपंक्षी फार्म विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

मूल्य रु. ५

किस्पाङ गाउँपालिका

# किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल ( संख्याः ५

## भाग-२

## कृषि पर्यटन प्रवर्द्धनको लागि नविनतम पशुपंक्षी फार्म विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावनाः**किस्पाङ गाउँपालिका क्षेत्रमा पशुपालनको विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को २ (ण) अनुसारका कृषकहरुलाई अनुदान उपलब्ध गराई आय आर्जन क्रियाकलाप गरि व्यवसायिक नविनतम पशुपंक्षीपालन प्रोत्साहन गर्ने प्रयोजनको लागि गाउँ सभाले

किस्पाङ गाउँपालिका

स्वीकृत गरेको वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकाले **"कृषि पर्यटन प्रवर्द्धनको लागि नविनतम पशुपंक्षी फार्म विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९"** स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"कृषि पर्यटन प्रवर्द्धनको लागि नविनतम पशुपंक्षी फार्म विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९"** रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२) परिभाषाः**

क) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका, काहुले, नुवाकोटलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका " भन्नाले किस्पाङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) "अनुदान" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत कृषकलाई दिईने अनुदान रकम वा सामाग्री सम्झनु पर्दछ ।

घ) " कार्यक्रम" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत कृषि पर्यटन प्रवर्द्धनको लागि नविनतम पशुपंक्षी फार्म विकास कार्यक्रम सम्झनु पर्दछ ।

ङ) "कृषक" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न कृषक सम्झनु पर्दछ ।

च) "कृषि फर्म" भन्नाले गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भएको कृषि फार्म सम्झनु पर्दछ ।

छ) "आवेदक" भन्नाले कार्यक्रम संचालन गर्न निवेदन दिने कृषक वा फर्म सम्झनु पर्दछ ।

**३) उद्देश्यः यस कार्य विधिको देहाय बमोजिमका उद्देश्यहरु हुनेछन ।**

(क) नविनतम खालका पंन्छिहरुको फर्म प्रवर्द्धन गर्ने ।

(ख) कृषि पर्यटनको प्रवर्द्धन र विकास गर्ने ।

(ग) युवाहरुलाई रोजगारी सिर्जना गर्ने ।

(घ) कृषकहरुलाई व्यवसायिक विकासमा प्रोत्साहित गर्ने ।

(ङ) नविनतम र सिर्जनशील खालका कार्यक्रमहरुलाई अनुदान प्रदान गरि प्रोत्साहन गर्ने ।

## परिच्छेद — २

## कार्यक्रम सँचालन प्रक्रिया

**४) कार्यक्रमले समेट्न सक्ने योजना तथा क्रियाकलापः** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका योजना तथा क्रियाकलापहरु संचालन गर्न सकिनेछ । यस बाहेकका योजना तथा क्रियाकलाप कार्क्रमको उद्देश्य सँग औचित्यपूर्ण देखिएमा संचालन गर्न सकिनेछ ।

(क) पशुपंक्षी खरिद र आहार व्यवस्थापन
(ख) खोर सुधार
(ग) मेशिनरी औजार र प्रविधि परिचालन

**५) नविनतम पशुपंक्षी फर्म विकास कार्यक्रम कार्यान्वयन विधि र प्रकृया**

(क) गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यालयवाट कृषकहरु सँग कार्यक्रमको प्रस्ताव सूचना गरी माग गर्नु पर्नेछ ।

(ख) नविनतम पशुपंक्षी फार्म विकास कार्यक्रम प्रस्तावमा नविनतम पशुपंक्षी फार्म हालको अवस्था, कार्यक्रमको औचित्य, संचालन गरिने क्रियाकलापहरु, बजेटलागत साझेदारी गर्न सक्ने क्षमता, रोजगार दिन सक्ने क्षमता, कृषि पर्यटन विकास प्रवर्द्धनमा भूमिका, कार्यक्रम कार्यान्वयन कार्य योजना, अपेक्षित उपलव्धि समेत उल्लेख गरी प्रस्ताव गाउँपालिका पशु विकास शाखामा पेश गर्नुपर्नेछ ।

(ग) कृषक वा फार्मबाट पेश भएको प्रस्तावहरु मध्ये पशु विकास शाखाले मूल्यांकन गरी उत्कृष्ट कार्यक्रमको प्रस्ताव स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) गाउँ कार्यपालिकाले पशु विकास शाखाबाट पेश गरेको कार्यक्रमको प्रस्ताव जस्ताको तस्तै वा संशोधन सहित कार्यपालिकाबाट प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(ङ) कार्यपालिकाबाट प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित कृषक वा फर्मलाई जानकारी दिनु पर्नेछ ।

(च) कार्यपालिकाले कार्यक्रमको प्रस्ताव स्वीकृत गरेपछि कृषक वा फर्मसँग सम्झौता गर्नु पर्नेछ ।

(छ) सम्झौता अनुसार कार्यक्रमको पशु विकास शाखा सँग समन्वय गरि कार्यान्वयन गर्नुपर्नेछ ।

६) **प्राविधिक डिजाइन र लागत आवश्यक पर्ने:** कार्यक्रमले भौतिक पूर्वाधारको योजना कार्यान्वयन गर्नु पर्ने भएमा प्राविधिकहरुबाट डिजाइन र लागत तयार गर्नुपर्नेछ ।

## परिच्छेद — ३
## मापदण्ड र मूल्याङ्कनका आधार

**७) आवेदकले देहायका मापदण्ड पुरा गर्नु पर्ने**

(क) कार्यक्रम संचालन गर्ने नविनतम पशुपंक्षी पालन गरेको हुनु पर्ने ।

(ख) कम्तिमा १००० पंक्षी र पशुको हकमा १०० वटा पशु भएको हुनु पर्ने ।

(ग) गाउँपालिका वा कुनै सरकारी निकायमा कृषकको फर्म भएको हुनु पर्नेछ ।

(घ) कार्यक्रम संचालन गर्ने आ.व. मा कुनै पनि सरकारी अनुदान नलिएको हुनु पर्ने ।

(ङ) कार्यक्रम लागतमा न्युनतम २५ प्रतिशत साझेदारी गर्नुपर्ने ।

८) **प्रस्ताव मूल्याङ्कनको आधारहरू:** प्रस्ताव मूल्याङ्कन गर्दा देहायका बिषयहरुको आधारमा मुल्याङ्कन गर्नु पर्नेछ ।

(क) कम्तिमा १००० पंन्छि र पशुको हकमा १००वटा पशु भएको ।

(ख) गाउँपालिका क्षेत्र भित्र नविनतम भएको पंन्छिपालन ।

(ग) कृषि पर्यटनलाई प्रबर्द्धन र विकासमा योगदान गर्न सक्ने ।

(घ) दलित, जनजाती तथा महिला कृषकलाई प्राथमिकता।

(ङ) प्रत्यक्ष रोजगार दिन सक्ने ।

(च) प्रतिफल छिटो प्राप्त हुने ।

## परिच्छेद — ४

**सम्झौता र भुक्तानि**

९) **कार्यक्रम सम्झौता र अनुदान भुक्तानी प्रकृयाः**

(क) स्वीकृत प्रस्ताव अनुसार पशु विकास शाखाले सम्झौता तयार गरि सम्बन्धित कृषक वा फर्मसँग गाउँपालिकाले सम्झौता गर्नेछ ।

(ख) गाउँपालिकाको अनुदान रकम लागतको बढीमा ७५ प्रतिशत हुनेछ ।

(ग) कार्यक्रम सम्पन्न भए पश्चात अनुगमन गरि सम्झौता अनुसार रकम आवश्यक कागजात र विल भरपाईका आधारमा बैंक भुक्तानी हुनेछ ।

(घ) पूर्वाधार योजना समेटिएको भए डिजाइन, लागत अनुसार प्राविधिकको मुल्याङ्कन गराई अनुसार भएको सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**परिच्छेद — ५**
**अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

१०) **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

(क) सवारी साधन ढुवानी कार्यक्रमको अनुगमन मूल्याङ्कन गाउँपालिकाको पशु विकास शाखा, सम्वन्धित वडाको वडा अनुगमन समिति, गाउँपालिका स्तरीय अनुगमन समिति र गाउँ कार्यपालिकाबाट गर्न सकिनेछ ।

(ख)कार्यक्रमको प्रगति प्रतिवेदन पशु विकास शाखाले माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

(ग) ढुवानी साधन खरिद प्राविधिकको मूल्याङ्कन गराई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(घ) कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकाकोपशु विकास शाखामा पेश गर्नु पर्नेछ ।

**परिच्छेद — ६**

**विविधः**

११) **संशोधन र खारेजः** कार्यालयले आवश्यक्ता अनुसार यस कार्यविधी संशोधन र खारेज गर्न सक्नेछ ।

१२) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु यसै कार्यविधी र उल्लेख नगरिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र प्रचलित ऐन, नियम, कानुनहरुसँग बाझिएमा बाझिएको हकमा प्रचलित ऐन, नियम, कानून बमोजिम नै हुनेछ ।

आज्ञाले,
महा प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका